# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४८) काठमाडौं, असार २२ गते २०५५ साल (संख्या १२

## भाग ३

श्री ५ को सरकार

### अर्थ मन्त्रालयको सूचना

आर्थिक ऐन २०५४ को दफा २३ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले नेपाल नेत्र ज्योति संघअन्तर्गत सञ्चालित फत्तेवाल आँखा अस्पताल, नेपालगञ्जलाई स्विस रेडक्रस स्विट्जरल्यान्डबाट उपहारस्वरूप प्राप्त भएको अष्ट्रेलियन डलर ४००५.६८ मूल्य बराबरको एक थान Ophthalmic Microscope मा लाग्ने मूल्य अभिवृद्धि कर पूर्ण रूपमा छुट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरेको छ ।

आज्ञाले,
प्रमोदकुमार कार्की
सह-सचिव

१०५

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

श्री ५ को सरकार

## वाणिज्य मन्त्रालयको सूचना

श्री ५ को सरकारले निकासी पैठारी (नियन्त्रण) ऐन, २०१३ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी खण्ड ४२, संख्या ३३, मिति २०४९।८।१५ को नेपाल राजपत्र भाग ३ मा प्रकाशित यस मन्त्रालयको सूचना १ को अनुसूची-२ को दफा १ को उपदफा १.१ को खण्ड (ख) को सट्टा देहायको खण्ड (ख) राखी संशोधन गरिएको हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

"(ख) मदिरा उद्योगमा कच्चा पदार्थको रूपमा प्रयोग गर्नको लागि पैठारी गरिने माल्ट स्प्रिट बाहेकका अन्य ६० प्रतिशतभन्दा बढी अल्कोहल भएका मदिराहरू ।"

**आज्ञाले,**

**मोहनदेव पन्त**

**श्री ५ को सरकारको सचिव**

१०५



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।